तलकोटगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

गाउँ के तलकोट, बझाङ
प्रदेश नं. ७, नेपाल

मिति : २०७५/०३/०७

## संक्षिप्त सूचीको लागिआवेदन पेश गर्ने वारेको सूचना
(प्रथम पटक प्रकाशितमिति२०७५/०३/०७)

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना(Rural Village Water Resources Management Project - RVWRMP)को सहयोगमा सञ्चालितहुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्वन्धी विभिन्न क्रियाकलापहरु मा उपभोक्ता समुदायलाई प्राविधिकतथा सामाजिक परिचालनमा सहजीकरण गर्न सम्भावित सहयोगी संस्थाहरुको संक्षिप्त सूचीतयार गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक गैहसरकारी संस्थाहरुवाट आवेदन आह्वान गरिएको छ ।

शर्तहरु:

१. आवेदनगर्ने संस्था संस्थादर्ता ऐन २०३४ वमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफामूलक"गैह्र सरकारी संस्था"को रुपमा दर्ता भई नियमानुसार नवीकरण भएको हुन पर्नेछ र सम्वन्धित कर कार्यालय बाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदन फाराम खरिद गर्दा यी कागजातहरु र आवेदन दस्तुर तिरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले समेत आवेदन गर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापत कुनै रकमभुक्तानी गर्नेछैन ।
२. आवेदनफाराम रु.२०००। (अक्षरेपीदुई हजार मात्र।(पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिका कार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई चैनपुर , बझाङ र परियोजना सहयोग इकाई डडेल्धुराबाट प्राप्तगर्न सकिनेछ । आवेदन दस्तुर गाउँकार्यपालिकाको खाता न.(४११०३०४०१८१०३ राष्ट्रिय वाणिज्य बैंक, चैनपुर बझाङ) मा दाखिला गर्नु पर्नेछ । आवेदन फाराम गाउँकार्यपालिकाको कार्यालय तलकोट बझाङ वा परियोजना प्राविधिक सहयोग इकाइ, चैनपुर बझाङमा बुझाउन सकिनेछ ।
३. आवेदन गर्ने संस्था ग्रामीण क्षेत्रमा जलस्रोत विकास (खानेपानी सिंचाई लघु जलविद्युत सरसफाई) योजनाकार्यान्वयन(Scheme Implementation)वा अन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।
४. संक्षिप्त सूचीको लागि प्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्यपालिकाको कार्यालय तलकोट बझाङ वा परियोजनाको प्राविधिक सहयोग इकाइ, चैनपुर बझाङमा पेश गर्नुपर्नेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।
५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरु मध्येबाट तीन बटा संस्थाहरुलाई प्राप्ताङ्कको योग्यता क्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।
६. संक्षिप्त सूचीमा पर्न सफल संस्थाहरुको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।
७. रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कार्यवाही हुनेछैन ।
८. कुनै कारण जनाई वा नजनाई प्राप्त आवेदनहरु पूरै वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजना व्यवस्थापन समितिमा रहेको छ ।
९. अन्य कुराहरु ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।
१०. थप जानकारी यस कार्यालय बाट प्राप्तगर्न सकिनेछ ।

प्रमुख प्रशासकीयअधिकृत
प्रमुख प्रशासकिय अधिकृत